मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

**सुवर्ण अवसर ! सुवर्ण अवसर !!**

यस Best future मन्टेश्वरी तालिम केन्द्रमा मन्टेश्वरी तालिमका एकहप्ता, दुई हप्ता, एक महिना र तीन महिनामा हुने विभिन्न कोर्षहरुमा मन्टेश्वरीको तालिम लिई आफूलाई उत्कृष्ट बनाई रोजगारीको सुनिश्चतता गर्नुहोस् ।

तालिममा उत्कृष्ट हुने १५ जनालाई रोजगारीको पूर्ण ग्यारेन्टी गरिनेछ । *नोटः तालिमका कक्षाहरु चैत्र १५ गते आइतबारबाट सञ्चालन हुनेछ । साथै यस स्कुलमा कक्षा PG देखि U.K.G. सम्मका नानीहरूका लागि भर्ना खुलेको समेत जानकारी गरिन्छ ।*

सम्पर्क : ९८४९२५९७२९, ९८४१८९७४४७, ०२३-५४२६४७
**Best Future Montessori School & training center,** Birtamod–06

◆ वर्ष : २६ ◆ अङ्क : १२८ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ चैत १३ गते शुक्रवार (Friday, March 26. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

# रेल्वे प्रभावितलाई चलनचल्तीकै मूल्यको मुआब्जा दिने तयारी



तस्वीर : बिनोद पाण्डे/पूर्वाञ्चल

**बिर्तामोड, चैत १२।** जिल्ला प्रशासन कार्यालय झापाले रेल्वे प्रभावितहरुलाई मुआब्जा वितरणका लागि आवश्यक तयारी अन्तिम चरणमा पुऱ्याएको छ ।

झापाका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनाले रेल्वे प्रभावितका लागि मुआब्जा वितरण गर्न जग्गा तथा संरचनाको मूल्यांकन गर्ने कार्य सकिएको बताएका छन् । बिर्तामोडस्थित संवाद समूहको कार्यालयमा विहीवार प्रजिअ तिमिल्सिनासहित सुरक्षा निकायका प्रमुखहरुबीच भएको छलफलमा त्यस्तो बताइएको हो ।

रेल्वे प्रभावितहरुको माग र संघर्षप्रति लक्षित उनले केही समय धैर्य गर्न प्रभावितहरुलाई आग्रह गरे । प्रभावितहरुको चित्त बुझ्ने गरी मुआब्जामा चलन-चल्तीको मूल्य दिन मूल्यांकन गरी प्रशासनले तयारी गरेको छ । 'चलन-चल्तीको मूल्यभन्दा कम नहुने गरी मुआब्जा दिन मूल्यांकनको काम सकिएको छ'- प्रजिअ तिमिल्सिनाले भने- 'त्यस बारे चैत अन्तिमसम्ममा निर्णय गरी ३५ दिने सूचना जारी गरेर प्रभावितको निवेदनका आधारमा मुआब्जा वितरण गरिनेछ ।' आगामी बैशाखमा मुआब्जा वितरण शुरु हुने उनले बताए । झापा, मोरङ र सुनसरीमा एकैपटक

(बाँकी अन्तिम पृष्ठमा)

भूमाफियाको विगविगी

# नक्कली कागजात बनाएर जग्गा हडप्ने पक्राउ

**सुरेन्द्र भण्डारी/ पार्थ मण्डल**

**झापा, चैत १२।** जग्गाधनी मृत्यु भएको एक वर्ष दुई महिना ४ दिनपछि नक्कली जग्गाधनी बनेर करोडौं मूल्य पर्ने जमिन अर्को व्यक्तिको नाममा नामसारी भएको एउटा घटना झापामा बाहिरिएको छ ।

घटना हो- साबिक चारपाने गाविस-१ हाल बिर्तामोड नगरपालिका-१ अन्धुवा पुल नजिक पूर्व-पश्चिम राजमार्ग नजिकै रहेको करोडौं मूल्य पर्ने जमिनको । बिर्तामोडका समाजसेवी तथा चर्चित व्यक्तित्व टुङ्गबहादुर बस्नेतको नाममा रहेको कित्ता नम्बर ४१८३को एक कठ्ठा पौने १४ धुर जमिन बिर्तामोड-७ निवासी रञ्जु राईको नाममा नामसारी भएपछि यस्तो घटना बाहिरिएको हो । बस्नेतको नाममा रहेको सो जमिन जिल्ला मालपोत तथा भूमि सुधार कार्यालय झापाले २०७७ साल माघ २१ गते राईको नाममा नामसारी गरेको देखिएको छ । तर, जग्गाधनी बस्नेतको २०७६ साल साउन २४ गते नै मृत्यु भइसकेको थियो । जग्गाधनी बस्नेतको नाममा रहेको जमिनमाथि पहिलो हकदाबी उनका सन्तानहरू गोपाल, श्याम र जितेन्द्र बस्नेतको हुन्छ । कुनै पनि सन्तानको नाममा जमिन नामसारी नै भएको देखिँदैन । तर, मृत्यु भइसकेको व्यक्तिको जमिन परिवारका सदस्यको नाममा नामसारी नभई एकैचोटी तेस्रो व्यक्तिको नाममा गएको यस घटनाले जिल्लामै तरङ्ग ल्याएको छ ।

परिवारका सदस्यले जमिन नामसारी भएको एक महिनापछि घटना थाह पाएपछि झापा प्रशासनले आन्तरिक रुपमा यसको अनुसन्धान थालिसकेको बताइएको छ ।

**कसरी भयो नामसारी ?**

२०७६ साल साउन २४ गते टुङ्गबहादुर बस्नेतको मृत्यु भयो । त्यसको एक वर्ष दुई महिना चार दिनपछि नक्कली टुङ्गबहादुर बस्नेतको जन्म भयो । नक्कली टुङ्गबहादुर बस्नेतले ७१ वर्षको उमेर खुलाएर काठमाडौं जिल्ला अदालतमा गएर अधिकृत वारेसनामा बनाए ।

उनले २०७६ असोज २८ गते बाह्रदशी गाउँपालिका-३ डाँगावारी बस्ने ३९ वर्षीय मङ्गलसिंह राजवंशीको नाममा वारेसनामा बनाएको देखिन्छ । अदालतले पनि मुलुकी देवानी कार्यविधि संहिता २०७४को दफा १५३(२), ऐ. दफा १५४(१) र मुलुकी देवानी संहित २०७४को सम्पत्तिको हस्तान्तरण तथा प्राप्ति सम्बन्धी दफा ४२५ नम्बर बमोजिम राजवंशीको नाममा वारेसनामा बनाएर पठाइदियो । त्यसपछि राजवंशी वारेसनामाको आधारमा जमिन बिक्री गर्ने योजनातर्फ लागे ।

यस घटनामा उनीसहित जमिन हड्प्ने गिरोह नै

(बाँकी अन्तिम पृष्ठमा)

# कोरोनाबाट कनकाईकी एक महिलाको मृत्यु



**झापा, चैत १२।** कोरोना सङ्क्रमणका कारण झापाको कनकाईमा एक महिलाको मृत्यु भएको छ ।

कनकाई नगरपालिका-३ सुरुङ्गा निवासी ४० वर्षीया महिलाको उपचारका क्रममा मृत्यु भएको कनकाईका कोरोना फोकल पर्सन लक्ष्मी अधिकारीले जानकारी दिए ।

केही दिनअघि भारतको झारखण्डस्थित पाकोड बस्तीमा घर भएकी आफ्नी छोरीसँग भेटघाटका लागि छोरीको घर गएकी ती महिला उतै बिरामी परको बताइएको छ । शुरुमा सामान्य रुघाखोकीको समस्या देखिएपछि भारतमै भएको उपचारपछि नेपालमा थप उपचारका लागि उनलाई बिर्तामोडस्थित एक अस्पतालमा भर्ना गरिएको थियो । अस्पतालमा भर्ना भए लगत्तै भएको कोरोना परीक्षणबाट उनको रिपोर्ट पोजेटिभ आएको बताइएको छ ।

भेन्टिलेटरसहितको सघन उपचार कक्षमा लगातार १० दिनसम्म उपचाररत् महिलाको विहीवार बिहान अस्पतालमै निधन भएको जनाइएको छ । मृतक महिलाको शव नेपाली सेनाले परिवारसहित आफन्तको उपस्थितिमा कनकाई घाटमा अन्त्येष्टि गरेको छ ।

# प्रेमिकालाई जलाउन प्रयास गर्ने पक्राउ

**काठमाडौं, चैत १२।** एक युवकले आफ्नी प्रेमिकालाई मट्टितेल छर्केर जलाउने प्रयास गरेको घटना सार्वजनिक भएको छ ।

काठमाडौंको काँडाघारीमा भएको उक्त घटनाका आरोपी युवक पक्राउ परेका छन् । पक्राउ पर्नेमा २१ वर्षीय सुरज श्रेष्ठ छन् ।

घटना ८ चैतको हो । 'दिदीको कोठामा भेटेको बेला सुरजले प्रेमिकालाई मट्टितेल हालेर जलाउने प्रयास गरेको पीडितको बयान छ'- प्रहरी स्रोतले भन्यो- 'घटनामा दुवै जना घाइते भएपछि कीर्तिपुर अस्पतालमा उपचार जारी छ ।'

प्रहरीका अनुसार पीडित किशोरीले सुरुवातमा स्टोभबाट मट्टितेल पोखिएर दुर्घटना भएको दाबी गर्दै आएकी थिइन् । तर, परामर्शपछि प्रेमीले आगो लगाएको बताएकी हुन् ।

उनीहरु दुवैजना लागूऔषध दुर्व्यसनी भएको प्रहरीको दावी छ । उनीहरुको पछिल्लो समय पटक-पटक झगडा हुने गरेको प्रहरीले बताएको छ ।

# नक्कली सुनका ढिक्का दिएर ठगी गर्दा...

**सुनसरी, चैत्र १२।** इटहरी उप-महानगरपालिका-९का २० बर्षीय फैजान आलम र इनरुवा नगरपालिका-१०का ४१ बर्षीय जल्लाउदिन मियाँ ठगी गरेको आरोपमा पक्राउ परेका छन् ।

पक्राउ परेका दुवै जनाले इटहरी-८का यज्ञबिक्रम ठकुरीलाई आर्थिक प्रलोभन देखाई नक्कली सुनका सिक्काहरु दिई रकम ठगी गरेको भन्ने सूचनाका आधारमा खोजतलास गर्ने क्रममा दुबै जना पक्राउ परेका हुन् । उनीहरुले ठकुरीलाई बिभिन्न प्रलोभन देखाई सक्कली सुन भनी नक्कली सुनको सिक्का दिई ठकुरीबाट चार लाख नगद लगेको र सम्पर्कबिहीन भएसँगै आफू ठगिएको थाह पाई ठकुरीले इलाका प्रहरी कार्यालय इटहरीमा जानकारी गराएका थिए । ठगी भएको सूचना पाएसंगै ठगी गर्ने ब्यक्तिहरुको खोजतलासमा खटिएको प्रहरी टोलीले दुबै जनालाई पक्राउ गरेको हो । पक्राउ परेका दुबै जनाको सम्बन्धमा थप अनुसन्धान भइरहेको उक्त कार्यालयले जनाएको छ ।

# फेरि लकडाउन र नाका बन्द हुन्छ ?

**काठमाडौं, चैत १२।** कोरोनाको दोस्रो लहरसँगै लकडाउन हुने हल्ला चलिरहेका बेला अर्थमन्त्री विष्णुप्रसाद पौडेलले कोरोना भाइरसको दोस्रो लहरको जोखिम बढे पनि सरकार लकडाउन गर्ने वा सीमा नाका बन्द गर्ने सोचमा नभएको बताएका छन् ।

बिहीबार सञ्चारकर्मीसँगको कुराकानीमा अर्थमन्त्री पौडेलले यस्तो बताएका हुन् । यद्यपि स्वास्थ्य सुरक्षाका मापदण्डलाई भने कडाइका साथ पालना गराउने उनको भनाइ छ ।

लकडाउनको चर्चा बजारमा चलिरहेको प्रसंगमा उनले अहिले त्यस्तो गतिविधि उपयुक्त नहुने बताए । सरकार बजेटको तयारीमा जुटेको जानकारी गराउँदै उनले आगामी बजेट कोभिड-१९बाट प्रभावित अर्थतन्त्रको पुनरुत्थान, रोजगारी सिर्जनामा केन्द्रित हुने समेत बताए । कोरोना खोप खरीद गर्न रकमको अभाव नहुने उनको भनाइ छ ।

त्रिभुवन विश्वविद्यालय
केन्द्रीय प्रविधि क्याम्पस, धरान
चार वर्षे (सेमेस्टर प्रणाली) स्नातक तह
**Bachelor in Information Technology (BIT)**
कार्यक्रममा नयाँ विद्यार्थी भर्ना सम्बन्धी अत्यन्त जरुरी सूचना

**शैक्षिक योग्यता**
I.Sc., १०+२ विज्ञान संकाय उत्तीर्ण वा CTEVT बाट तिन वर्षे डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ उत्तीर्ण भएको हुनुपर्ने ।

**आवेदन फारम : २०७७ साल चैत्र १७ गते सम्म**
प्रवेश परीक्षा शुल्क : रु १,५००।-

**प्रवेश परीक्षाको मिति**
२०७७ चैत्र २८ गते शनिबार अपरान्ह १२:०० बजे देखि २:०० बजे सम्म ।

नोटः फारम भर्न http://bit.tuiost.edu.np/ मा रहेको Registration Link मा गएर online भर्न सकिनेछ वा क्याम्पसमा आएर पनि बुझ्न सकिनेछ ।

क्याम्पस प्रमुख
केन्द्रिय प्रविधि क्याम्पस, हात्तिसार
धरान-१४, सुनसरी
फोन : ९८६२३७८६३, ९८५२०५१५४५, ०२५-५७०२२८
Email: cctdharan14@gmail.com | www.cctdharan.edu.np

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी**

पायल्स, प्यारालाइसिस, हाडजोर्नी साथै अन्य सबै रोगहरुको आयुर्वेदिक औषधि, क्षारसूत्र, कपिङमसाज, पञ्चकर्म, फिजियोथेरापीबाट उपचार हुने पूर्वकै गुणस्तरीय, विश्वासिलो र भरपर्दो उपचार केन्द्र **बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर** (अस्टाङ्ग आयुर्वेद फार्मेसी, बिर्तामोड, झापा)

**सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**

**कर्मचारी आवश्यकता**

यस कम्पनीलाई निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला ।
पदः कम्प्युटर अपरेटरः १०-२० जना
योग्यताः कम्प्युटर चलाउन दक्ष, अंग्रेजी, बोल्न र लेख्न सक्ने
तलबः १८,०००देखि २०,०००सम्म

सम्पर्कः **हान हाई इन्टरनेशनल ट्रेड कम्पनी लि.,** बिर्तामोड, भद्रपुररोड उर्वसी चौक
मो. ९७४२५४७५२५, ९८१७०९८७८८

**खुशीको खबर ! खुशीको खबर !!**
**निःशुल्क मानसिक सेवा स्वास्थ्य शिविर**

यही मिति २०७७ साल
चैत १४ गते शनिवारका दिन

वरिष्ठ मानसिक, नशा तथा लागूऔषध रोग विशेषज्ञ
**डा. आभाष निरौला**द्वारा
एक दिने निःशुल्क स्वास्थ्य परीक्षण एवम् परामर्श सेवा
प्रदान गरिने कार्यक्रम रहेको हुँदा बेलैमा लाभ उठाउनुहन सबैमा अनुरोध गर्दछौं ।

**डा. आभाष निरौला**
M.B.B.S. (B.P.K.I.H.S., Dharan)
M.D. (PSYCHIATRY), PGIMER, CHANDIGARH
NMC-11985

**परीक्षण तथा उपचार हुने रोगका लक्षणहरू**
- आलस्यता, निरास हुने, शंका गर्ने तथा नकारात्मक सोच आउने ।
- घब्राहट, छटपटी हुने, डर लाग्ने, टोलाउने, मुटुको ढुकढकी बढ्ने ।
- आफै हाँस्ने, आफै बोल्ने, रिस धेरै उठ्ने
- नशा झम्झमाउने
- बिर्सने रोग
- निद्राका समस्याहरु (निद्रा नलाग्ने इत्यादि)
- टाउको दुख्ने, चक्कर लाग्ने, मृगी (छारें) रोग
- लागू पदार्थ/रक्सी सेवनको समस्या
- यौन दुर्वलता (Sex) मा समस्या

अग्रिम नाम टिपाउनु होला, टेलिफोनबाट समेत नाम टिपाउन सक्नुहुनेछ ।

**प्रान्जल क्लिनिक (प्रान्जल फार्मेसी)**
बिर्तामोड, झापा (अदुवा पुल छेऊ)
फोन नं. ०२३-५४४८२२, ९८४२६५४३२४

निःशुल्क स्वास्थ्य शिविरमा प्याथालोजी ल्याबमा (प्रयोगशाला) ५०% छुट साथै औषधी निःशुल्क बितरण गरिनेछ ।
जाँच गराउन आउँदा सेवन गरिरहेको औषधी वा प्रिस्क्रिप्सन साथमा लिएर आउनुहोला

**LITTLE FLOWERS' ENGLISH SCHOOL**
Birtamod-4,Jhapa
*Celebrating its Glorious 40th year*

**VACANCY ANNOUNCEMENT**

LFES, one of the leading and eminent schools in Jhapa, is seeking highly motivated and dynamic candidates who are willing to learn and grow as professional for the following posts:

| Sl.No | Level | Subject | Qualification | Salary |
|---|---|---|---|---|
| 1 | Secondary | Maths | B.Sc | Negotiable |
| 2 | Primary | Maths & Nepali | Bachelor's Degree | |

*Candidates must have two years' experience. (Fresh candidates are also welcome to apply).*

Interested candidates may send the application with CV, copies of credentials and photocopy of citizenship certificate, addressed to the Principal, Little Flowers' English School, Birtamode-4 or submit directly to the school office latest by **14th of Chaitra, 2077** BS.

*Ph No: 023- 540172, 540767* *(Only short listed candidates will be called for the interview).*

# खुवालुङमा राजनीति नगर्न चेतावनी



**दमक, चैत १२।** संघीय लिम्बुवान मञ्च, नेपाल मातहतको लिम्बुवान भोलेन्टियर्स सरकारले खुवालुङ् फुटाउने कुचेष्टा गरे चुप लागेर नबस्ने बताएको छ ।

पूर्व लिम्बुवान र किरात(खम्बुवान)को सीमानामा रहेको खुवालुङ् किरात सभ्यता भएको भन्दै भोलेन्टियर्सले सरकारको कदमको घोर भर्त्सना गरेको विज्ञप्तिमार्फत जनाइएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले बिराटनगरमा आयोजित पार्टीको कार्यक्रममा दूधकोशी, अरुण र तमोर नदीको संगम स्थलमा रहेको खुवालुङलाई फुटाएर पानी जहाज चलाउने उद्घोष गरेसँगै त्यसको विरोध गर्दै पूर्वको किरात सभ्यता र संस्कृतिमा आस्था राख्ने विभिन्न जातीय संघ-संस्था र आदिवासी जनजाति साहित्यकार महासंघ, जसपा र जनमुक्ति पार्टीले त्यसको विरोध जनाएको थियो ।

भोलेन्टियर्सका केन्द्रीय कार्यवाहक कमाण्डर राजु राईद्वारा हस्ताक्षरित विज्ञप्तिमार्फत लिम्बुवान र किरात (खम्बुवान) को साझा मुटु खुवालुङ्माथि नश्लवादी राज्यसत्ताले राजनीति गर्न खोजेको आरोप लगाउँदै मञ्च मातहतको युवा शक्ति लिम्बुवान भोलेन्टियर्सले भर्त्सना गरेको हो ।

राज्यले कथम्कदाचित खुवालुङलाई छुने मात्रै चेष्टा गरेमा भोलेन्टियर्स जस्तोसुकै कदम उठाउन बाध्य हुने समेत विज्ञप्तिमा उल्लेख गरेको छ । यतिबेला एकाएक खुवालुङको चर्चा चुलिएसँगै राजनीतिकर्मी, पत्रकार, अधिकारकर्मी, संघ-संस्थाका प्रतिनिधिहरु सो क्षेत्रमा दिनका दिन जान थालेको स्थानीय जानकारहरु बताउँछन् ।

# अनेरास्ववियू (क्रान्तिकारी) व्यूँतियो

**काठमाडौँ, चैत १२।** नेकपा विभाजनपछि पार्टीसँगै भातृसंगठनहरु एकपछि अर्को गरी व्यूँतिन थालेका छन् ।

यसैक्रममा नेकपा माओवादी केन्द्र निकट विद्यार्थी संगठन अनेरास्ववियू (क्रान्तिकारी) ब्यूँतिएको छ । सर्वोच्च अदालतले फागुन २३ गते एमाले र माओवादी केन्द्रलाई व्यूताइदिएपछि माओवादी केन्द्र निकट विद्यार्थी संगठन अनेरास्ववियू (क्रान्तिकारी) व्यूँतिएको हो ।

बिहरीबार केन्द्रीय कार्यालय वागबजारमा बसेको अनेरास्ववियू (क्रान्तिकारी) को पदाधिकारी बैठकले केन्द्रीय कमिटी व्यूँताउने निर्णय गरेको माओवादी केन्द्र क्रान्तिकारीका अध्यक्ष रञ्जित तामाङले जानकारी दिए । उनले भने- 'सर्वोच्चको फैसलाले माउ पार्टी ब्यूँतिएपछि हामीले पनि साविककै अनेरास्ववियू (क्रान्तिकारी) को नेतृत्व लिने निर्णय गऱ्यौं ।

यस्तै अनेरास्ववियू (क्रान्तिकारी) व्यूँतिएपछि पुरानै पदाधिकारी टोली पनि पुनर्जीवित भएको छ । जस अनुसार अध्यक्षमा रञ्जित तामाङ, उपाध्यक्षमा सुरेन्द्र बस्नेत, दीपक देवकोटा,



तिलकराज भण्डारी, बिजय गौतम, पञ्चा सिंह, दिपेश पुन, इन्द्र भुषाल, रविकिरण यादव र महासचिवमा उत्तम अधिकारी रहेका छन् ।

यसैगरी उपमहासचिवमा जीपी मैनाली र तुकमान महरा रहेका छन् । सचिवमा नरेश रेग्मी, पवन कार्की, मदन भट्टराई, सूर्यनारायण शाह, क्षितिज सापकोटा, नारायण खनाल, अम्मरराज शाही, राजकुमार लिम्बू, अच्युत भट्ट, गजेन्द्र देव, प्रविणा अधिकारी, मदन भुल र कोषाध्यक्षमा केशव रावल रहेका छन् ।

चैत्र १४ गते काठमाडौंमा बस्ने क्रान्तिकारीको केन्द्रीय कमिटीको विस्तारित वैठकवाट नयाँ परिस्थितिमा संगठनले लिनुपर्ने थप योजना र कार्यक्रम ल्याउने उपाध्यक्ष सुरेन्द्र बस्नेतले बताए । उनले भने- 'चैत १४ गते विस्तारित वैठकमा केन्द्रीय समितिका सदस्यहरु र सबै जिल्लाका संयोजक र सहसंयोजक सहभागी हुने गरी पत्र पठाएका छौं ।'

# 'माओवादीले समर्थन फिर्ता लिएपछि खेल शुरु हुन्छ'

**विराटनगर, चैत १४।** नेपाली कांग्रेसका नेता प्रकाशमान सिंहले माओवादी केन्द्रले समर्थन फिर्ता लिएपछि मात्र नयाँ सरकार गठनको खेल शुरु हुने बताएका छन् ।



विराटनगरमा सञ्चारकर्मीहरुसँग कुरा गर्दै नेता सिंहले माओवादीले समर्थन गर्दासम्म यो सरकार बहुमतकै रहने बताए । उनले भने- 'बहुमत बाँकी नै छ भने ६३ सिट जितेको कांग्रेसले कसरी अविश्वासको प्रस्ताव राख्ने ?'

माओवादी केन्द्रले समर्थन फिर्ता लियो भने सरकारले विश्वासको मत लिनुपर्ने र त्यो बेला कसले कसलाई समर्थन गर्छ भन्ने थाह हुने बताए । कांग्रेस नेता सिंहले अघि भने- 'माओवादीले समर्थन फिर्ता लिएपछि न खेल शुरु हुन्छ !' प्रधानमन्त्री केपी शर्मा ओलीलाई सत्तामा बस्ने नैतिक अधिकार नभएको समेत उनले बताए ।

## नक्कली ...

संलग्न भयो । त्यसपछि राजवंशी जिल्ला मालपोत तथा भूमि सुधार कार्यालय झापा पुगेर बस्नेतको नाममा रहेको धनीपूर्जा निकाले । उनले धनीपूर्जा हराएको विवरण मालपोतमा पेश गरेर धनीपूर्जाको प्रतिलिपि निकालेको देखिन्छ । त्यसपछि उनीसहित गिरोहका व्यक्तिले जमिन बिक्री गर्नका लागि वडा कार्यालयबाट आवश्यक कागजात पनि निकाले । बिर्तामोड-१ नम्बर वडा कार्यालयबाट २०७७ मंसीर २४ गते बस्नेतकै नाममा रहेको जमिनको घर बाटो प्रमाणित भएको सिफारिस निकाले । सो घर बाटो प्रमाणित गरेको सिफारिसमा वडाध्यक्ष अग्निप्रसाद पाण्डेको हस्ताक्षर रहेको खुलेको छ ।

वडाको कागजात, नागरिकता, अदालतको वारेसनामासहित आवश्यक कागजात पेश गरेर उनीहरूले लेखापढी व्यवसायीमार्फत बस्नेतको नाममा रहेको सो जमिन रञ्जु राईको नाममा नामसारी गरे । नामसारी २०७७ माघ २१ गते गरेको मालपोतको मोठमा देखिन्छ । सो जमिन ८४ लाख ३७ हजार ५ सय रुपैयाँमा राईले खरिद गरेको र त्यस बापत ४ प्रतिशत रजिष्ट्रेशन शुल्कमा २ लाख ५३ हजार एक सय २५ रुपैयाँ, पुँजीगत लाभकरमा २ लाख १० हजार ९४० रुपैयाँ मालपोतमा तिरेको देखिन्छ । जमिन नामसारी गराउँदा जग्गाधनी बस्नेतको तर्फबाट रोहबरमा जमिन बिक्रीकर्ता राजवंशी, साक्षीमा लेखनाथ खनाल र बलराज विश्वकर्माको हस्ताक्षर रहेको छ । तयार भएको नामसारीको फाइलमा मालपोतका अधिकृत चेतन अधिकारीले सदर गरी हस्ताक्षर गरेको देखिन्छ । त्यस बिषयमा पनि अनुसन्धान भइरहेको छ ।

**मान्छेदेखि कागजातसम्म नक्कली**

जग्गाधनी टुङ्गबहादुर बस्नेत मात्र नक्कली नभएर मालपोतमा जमिन नामसारीका लागि पेश गरिएका कागजात पनि नक्कली रहेको खुलेको छ । जग्गाधनी टुङ्गबहादुर बस्नेतको नाममा पेश गरिएको नागरिकता नक्कली भएको खुलेको छ । बस्नेतले २०३७ साल चैत २ गते जिल्ला प्रशासन कार्यालय इलामबाट नागरिकता निकालेका थिए । उनले जिल्ला प्रशासन कार्यालय झापाबाट नागरिकताको प्रतिलिपि ननिकालेको पारिवारिक स्रोतले जनाएको छ । तर, मालपोतमा पेश गरिएको बस्नेतको नागरिकता झापाबाट जारी भएको उल्लेख छ । २०७० साल जेठ १६ गते जारी मिति रहेको नागरिकतामा प्रथम प्रतिलिपि भनेर नागरिकता नम्बर ०४-८१५३/१२२२ उल्लेख गरिएको छ । सो नागरिकता नम्बर प्रशासन कार्यालय झापाको नागरिकता फाँटमा भेटिएन । त्यो नागरिकता उनीहरूले बाहिर नै नक्कली बनाएर पेश गरेको थप रहस्य खुलेको हो ।

त्यस्तै बिर्तामोड-१ नम्बर वडा कार्यालयबाट ल्याएको घर बाटो प्रमाणित सिफारिस पत्र पनि नक्कली भएको आशंका गरिएको छ । वडाले दिएको पत्र संख्या ०७७/०७८ र चलानी नम्बर १३३४ वडा कार्यालयको कुनै मोठमा नभेटिएको बताइन्छ । त्यस विषयमा प्रशासनले अनुसन्धान गरिरहेको जनाइएको छ ।

**नामसारी भएको जग्गाको मूल्य करोडौं**

झापाकै मुख्य व्यापारिक केन्द्र बिर्तामोडमा रहेको बस्नेतको नाम रहेको एक कठ्ठा पौने १४ धुर जमिनको मूल्य अन्दाजी १० करोड रुपैयाँ पर्ने स्थानीयले बताएका छन् । एक धुर जमिनको चलनचल्तीको मूल्य ३० लाख रुपैयाँ रहेको बताइन्छ । सोही दर बमोजिम पौने ३४ धुर जमिनको मूल्य करिब १० करोड पर्न जान्छ । खरिदकर्ताले ८४ लाख ३७ हजार ५ सय रुपैयाँमा खरिद गरेको मालपोतमा देखाए पनि जमिन हत्याएर करोडौँ रकम कुम्ल्याउन गिरोह लागेको देखिन्छ ।

**न्यायाधीशदेखि कर्मचारी समेत शंकाको घेरामा**

नक्कली व्यक्ति बनेर टुङ्गबहादुर बस्नेतले काठमाडौं जिल्ला अदालतबाट दिएको वारेसनामा दिने न्यायाधीश पर्शुराम भट्टराई, अधिवक्ता रामानन्द चौधरी, वारेसनामामा साक्षी बसेका खोटाङ जिल्ला राजापानी गाविस-४ हाल हलेसी तुवाचुङ-११ बस्ने देवबहादुर विष्ट, ओखलढुङ्गा मोम्खा गाविस-७ हाल चिसंखुगढी गाउँपालिका-७ बस्ने वेगप्रसाद कोइराला शङ्काको घेरामा परेका छन् । त्यस्तै बिर्तामोड-१ नम्बर वडाध्यक्ष पाण्डे, जिल्ला मालपोत तथा भूमि सुधार कार्यालय झापाका अधिकृत चेतन अधिकारी, केही कर्मचारी र लेखापढी व्यवसायी पनि शङ्काको घेरामा परेकोले उनीहरूमाथि झापा प्रहरीले अनुसन्धान थालिसकेको बताइएको छ ।

**घटनामा संलग्न केही व्यक्ति पक्राउ**

बस्नेत परिवारको जमिन हडप्ने घटना बाहिरिए लगतै जिल्ला प्रशासन कार्यालय झापा र जिल्ला प्रहरी कार्यालय झापाले घटनाको विषयमा अनुसन्धान गरिरहेको छ । प्रहरीले जमिन हडप्ने योजनामा रहेका आठ जनालाई पक्राउ गरिसकेको स्रोतको दावी छ ।

पक्राउ पर्नेमा वारेसनामा पाएका बाह्रदशी-३का मङ्गलसिंह राजवंशी, जमिन किन्ने रञ्जु राई र उनका श्रीमानसहित आठ जना रहेका छन् । त्यसमध्ये बिरामी परेका राजवंशीको मेची अस्पताल भद्रपुरमा उपचार भइरहेको छ । झापा प्रहरीले यस घटनाको विषयमा पत्रकारसँग बोल्न चाहेको छैन । यता झापाका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनाले व्यक्तिको जग्गा हडप्ने सांगठानिक गिरोह सक्रिय रहेकाले उनीहरूको पहिचान गर्दै धमाधम पक्राउ गरिएको बताएका छन् । सांगठानिक अपराधमा संलग्न जो सुकैलाई पनि नछाड्ने बताउँदै मालपोत र नापी कार्यालयको सेवालाई थप चुस्त बनाउने उनको भनाइ छ । मालपोत कार्यालयमा हुने बिचौलियाको बिगबिगी रोक्न मालपोत कार्यालयका प्रमुखलाई तत्काल बोलाएर बिचौलियालाई कार्यालयमा प्रवेश नै निषेध गर्न निर्देशन दिने उनले बताए ।


बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी

023-545402

9825952677

9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।


# लागूऔषधसहित सात जना पक्राउ

**सुनसरी, चैत्र १२।** सुनसरीको धरान उप-महानगरपालिका-१५बाट नियन्त्रित लागूऔषध खैरो हेरोइनसहित चार जना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा धरान-१५ का २२ बर्षीय सुजन धमला, २५ बर्षीय बिधान आलेमगर र १९ बर्षीया मनुषा तामाङ र धरान-१७का २१ बर्षीय अर्पण धमला रहेका छन् । बिशेष सुराकका आधारमा बुधबार इलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी टोलीले पक्राउ परेकामध्ये बिधान आलेमगरको घरमा खानतलासी गर्दा कोठामा रहेका चारै जनालाई नियन्त्रणमा लिई कोठामा रहेको फ्रिज खोलेर हेर्दा उनीहरुले लुकाई राखेको ११ ग्राम लागूऔषध खैरो हिरोइन ब्राउनसुगर फेलापारी बरामद गरेको हो । यसरी कोठामा ब्राउनसुगरसहित पक्राउ परेका चारै जना उपर लागूऔषध मुद्दामा कानूनी कारबाही अगाडि बढाई थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय धरानले जनाएको छ ।

उता उदयपुरको चौदण्डीगढी नगरपालिका-६बाट लागूऔषध ट्याब्लेटसहित तीन जना पक्राउ परेका छन् ।

इलाका प्रहरी कार्यालय बेल्टारबाट खटिएको प्रहरी टोलीले लागूऔषध लुपिजेसिक २७ एम्पुल, फेनारगन २७ एम्पुल, डाईजेपाम २७ एम्पुल र ५० ग्राम गाँजासहित स्थानीय २५ बर्षीय प्रभात मगर, ३२ बर्षीय सुरज राई र ३० बर्षीय सुमन राईलाई पक्राउ गरेको हो ।

## रेल्वे ...

मुआब्जा वितरण गर्ने बुझिएको छ । झापाको छ पालिकाका २५ वडामा मुआब्जा वितरण गरिने बताइएको छ । उक्त कार्यका लागि उपसमितिले आवश्यक सबै काम सम्पन्न गरेको प्रजिअ तिमिल्सिनाले बताए । स्रोतका अनुसार तीन जिल्लामा करिब १५ अर्ब रुपैयाँ मुआब्जामा खर्च हुनेछ ।

प्रजिअ तथा सुरक्षा प्रमुखहरुवीच कोभिड-१९को दोस्रो लहर र झापामा आवश्यक सुरक्षा सतर्कता अपनाउने, विपद्को पूर्वतयारी, लागूऔषध लगायत जिल्लाका विविध समस्यामा छलफल भएको थियो । विषयगत तथा सरोकार राख्ने विषयमा संवाद, छलफल र समन्वयको काम गरिदिन संवाद समूहलाई प्रजिअ तिमिल्सिनाले आग्रह समेत गरेका छन् । खुल्ला सीमाका कारण भइरहेका घटना र चुनौति, लागूऔषध, आत्महत्या, बढ्दो अपराध, दुर्घटना लगायतका विषयमा तथ्यांकसहित छलफल भएको थियो भने न्यूनीकरणका लागि जनचेतनामा जोड दिइएको थियो ।

छलफलमा नयाँ श्रीनाथ गण चारआलीका प्रमुख सेनानी अमरजंग थापा, जिल्ला प्रहरी कार्यालय झापाका प्रमुख प्रहरी उपरीक्षक शानुराम भट्टराई, सशस्त्र प्रहरी बल २ नं. गण झापाका सशस्त्र प्रहरी उपरीक्षक रमेशकुमार पाण्डे र जिल्ला अनुसन्धान कार्यालयका उपअनुसन्धान निर्देशक तिलक शर्मा प्रसाईंले जिल्लाको वस्तुस्थितिको बारेमा जानकारीसहित अवका दिनमा गर्नुपर्ने कार्य बारे बताउँदै विभिन्न सुझाव दिएका थिए ।

कोभिड-१९ नियन्त्रणका लागि राजनीतिक दल, सुरक्षा प्रशासन, सामाजिक संस्था वीचको समन्वयबाट विगतमा झैं प्रभावकारी अभियान सञ्चालन गर्न सबैको जोड थियो ।

झापामा शान्ति स्थापना र विभिन्न समस्या समाधानमा विगतदेखि संवाद समूह र राजनीतिक दलले निर्वाह गरिरहेको भूमिकाको प्रजिअ तिमिल्सिनासहित सुरक्षा प्रमुखहरुले प्रशंसा गरेका थिए । रेल्वे प्रभावितको संघर्ष र समस्या समाधानमा संवादले सहजीकरण गरी पुलको काम गरिरहेको बारे पनि चर्चा भएको थियो ।

# स्कुटर चोरिएपछि...

**सुनसरी, चैत्र १२।** मोरङको बूढीगंगा गाउँपालिका-२ का २४ बर्षीय खगेन्द्र काफ्ले र २७ बर्षीय अर्बिन मगर स्कुटर चोरीको आरोपमा पक्राउ परेका छन् ।

चैत्र ८ गते इटहरीको धरान लाइनमा पार्किङ गरी राखेको को ३७ प ८१०५ नम्बरको स्कुटर चोरी भएको भन्ने सूचना प्राप्त भएसँगै खोजतलासमा खटिएको प्रहरी टोलीले चोरी भएको स्कुटरसहित उनीहरुलाई पक्राउ गरेको हो । पक्राउ परेका उनीहरुको सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

# धम्क्याएर करणी !

**सप्तरी, चैत १२।** ३० वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा हनुमाननगर कंकालिनी नगरपालिका-४ बस्ने २८ वर्षीय सञ्जय मण्डललाई प्रहरीले पक्राउ गरेको छ ।

सञ्जयले ती महिलालाई आइतबार राति उनकै घरमा गई डर धम्की दिई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय कञ्चनपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

# डुबेर मृत्यु

**मोरङ, चैत्र १२।** मोरङको सुन्दरहरैंचा नगरपालिका-११का ४५ बर्षीय शान्ति श्रेष्ठको पानीमा डुबेर मृत्यु भएको छ ।

बेलवारी नगरपालिका-२मा रहेको लोहन्द्रा खोलाबाट बालुवा निकाल्ने क्रममा अचानक पानीमा लडेर श्रेष्ठको मृत्यु भएको भन्ने जानकारी पाए लगत्तै इलाका प्रहरी कार्यालय बेलवारीबाट गएको प्रहरी टोलीले कानूनी प्रक्रिया पूरा गरी थप अनुसन्धान गरिरहेको बताइएको छ ।

# दुर्घटनामा तीन जनाको मृत्यु

**झापा, चैत १२।** आफैंले चलाएको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा झापा, शिवसताक्षी नगरपालिकामा एक जनाको मृत्यु भएको छ ।

शिवसताक्षी-१ धरमपुरको ढकाल चोकस्थित भित्री सडकखण्डमा मे१०प ३५६९ नं को मोटरसाइकल दुर्घटना हुँदा चालक सोही ठाउँका ४६ वर्षीय किशोर कार्कीको मृत्यु भएको हो । दुर्घटनामा टाउकामा चोट लागेर गम्भीर घाइते भएका उनको उपचारका क्रममा विहीवार बिहान मृत्यु भएको इलाका प्रहरी कार्यालय झिलझिलेले जनाएको छ ।

उता मोरङ र पाँचथरका दुई छुट्टाछुट्टै स्थानमा भएको सवारी दुर्घटनामा दुई जनाको मृत्यु भएको छ ।

विहीवार कटहरी-४ रंगेली सडक खण्डमा को २ त ६१२७ नम्बरको ट्याक्टरले को ३ प ३३०९ नम्बरको मोटरसाइकललाइ ठक्कर दिँदा घाइते भएका मोटरसाइकल चालक धनपालथान-७का ६० बर्षीय मुस्तफी मियाको न्युरो अस्पताल बिराटनगरमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ । ठक्कर दिने ट्याक्टर र चालक नियन्त्रणमा रहेको उक्त कार्यालयले जनाएको छ ।

यसैगरी दोलखा तामाकोशी-३ पुरानोगाँउका २८ बर्षीय पवन महतको स्काभेटर दुर्घटनाबाट मृत्यु भएको छ । पाँचथरको कुम्मायक-४ वानथाकस्थित मध्यपहाडी लोकमार्गको ट्र्याक खन्ने क्रममा ना१क ८३२१ नम्वरको स्काभेटर अचानक चिप्लिएर ५०० मिटर तल झरी दुर्घटना हुँदा चालक महतको घटनास्थलमा नै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पाँचथरले जनाएको छ ।


श्री शान्तिनगर कृषि सहकारी संस्था लि.

बुद्धशान्ति-६, झापा

शिलबन्दी कोटेशन आह्वानको सूचना

कृषि ज्ञानकेन्द्र झापाको आ.व. २०७७/२०७८ को प्रधानमन्त्री कृषि आधुनिकीकरण योजना अन्तर्गत विनियोजन रकमबाट शान्तिनगर कृषि सहकारी संस्थालाई तरकारी ब्लक विकास कार्यक्रम अन्तर्गत १७ थान 9HP मिनि टिलर made in china ब्रान्डको नेपाल सरकारको सार्वजनिक खरिद बिक्री ऐन २०७४ को परीधिभित्र रही शिलबन्दी कोटेशनबाट खरिद प्रक्रिया भएको हुनाले यो सूचना प्रकाशित भएको दिनदेखि १५ दिनभित्रमा इच्छुक फर्मले शिलबन्दी कोटेशन हाल्नु हुन अनुरोध गरिन्छ ।

आवश्यक शर्तनामा

१) 9HP मिति टिलर Export quality को हुनुपर्नेछ ।

२) निवेदक फर्मले आ.व. २०७६/२०७७ को करचुक्ता भएको प्रमाणसहित निवेदन पेश गर्नुपर्नेछ ।

३) कोटेशन मूल्यको ५ प्रतिशत धरौटी रकम शान्तिनगर कृषि सहकारी संस्थाको खाता नं. २२१०००८०२९०१ (चल्ती)मा जम्मा गरी शिलबन्दी कोटेशन पेश गर्नुपर्नेछ ।

४) म्याद नाघी आएका फर्मलाई समितिले सूचिकृत गर्न नसक्ने व्यहोरा अनुरोध छ ।

वितरक चाहियो

लक्ष्मीपुर-पञ्चकन्या हुँदै बिर्तामोड प्रोभिडेन्स कलेजबाट अन्धुवा पुल हुँदै महेन्द्र शोरुमसँग, कृषिथोक हुँदै शनिश्चरे लाइन, पाथीभरा टोल-३ नम्बरसम्मका लागि वितरकको आवश्यकता भएकोले इच्छुकले सम्पर्क गर्नुहोला ।

नोटः साइकल भएको १ जना, पाँच हजार सेलरी ।

सम्पर्कः ९८१६६४१५७३, ९८०१४०४०००

कर्मचारी आवश्यकता

यस जनशक्ति बचत तथा ऋण सहकारी संस्था लि.लाई निम्न अनुसार कर्मचारी चाहिएकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

१) पद : सह लेखापाल- २ जना

योग्यताः +२ पास वा सो सरह, कम्प्युटरमा दक्ष

तलबः संस्थाको नियमानुसार निवेदन शुल्क रु. ५००।-

२) बजार प्रतिनिधि

कन्काई नगरपालिकाको लागि - ६ जना

बाह्रदशी गाउँपालिकाको लागि- ६ जना

योग्यताः एसएलसी पास वा सो सरह

निवेदन दस्तुर : रु. २००।- फारम भर्ने समयः चैत १५ गतेसम्म

यी दुबै पदका लागि उमेरको हकमा १८ देखि ४० ननाघेको हुनुपर्नेछ ।

जनशक्ति बचत तथा ऋण सहकारी संस्था लि.

बिर्तामोड-४, झापा (फोन नं. ०२३-५४३३४४, ९८४२६७९७६५, ९८१४९३८६२४)

कर्मचारी आवश्यकता

यस जनश्रुति महिला बचत तथा ऋण सहकारी संस्था लि.को मिति २०७७/१२/०७ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार, उक्त संस्थामा व्यवस्थापक पदको लागि व्यवस्थापकको पदपूर्तिका लागि तपसिलको योग्यता भएका नेपाली नागरिकले सूचना प्रकाशित भएको मितिले ६ दिन यानिकी २०७७/१२/१३ भित्र दरखास्त आहवानको सूचना गरिदिनु हुन अनुरोध छ ।

पद : व्यवस्थापक

योग्यता : स्नातकोत्तर

कार्यअनुभव : सहकारी वा बित्तीय संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव प्राप्त

उमेर : २० वर्ष पूरा गरी ३५ वर्ष ननाघेको

तलव सुविधा : आपसी सहमतिबाट तय गरिने

अन्य सुविधा : संस्थाको नियमानुसार

नोट : स्कुटर तथा मोटरसाइकलको लाईसेन्स प्राप्त भएको महिला प्रतिनिधिलाई विशेष प्राथमिकता

आवेदन : दस्तुर ५००।-

सम्पर्क : ०२३-५३५०५१, ०२३-५९०१९३


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ उपसम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

# भू-स्वामित्वको मुद्दा

**भू-स्वामित्व र भूमिहीन अवस्था देशको असाध्य रोगमध्येको मुख्य हो । शदियौंदेखि कचल्टिएर रहेको भूमिसँग सम्बन्धित समस्या आज राजनीतिक पद्धतिमा परिवर्तन आए पनि जहाँको तहीँ छ । अर्थात् भूमिहीन सुकुम्वासीलाई भू-स्वामित्व दिलाउने वाचा गरेका राजनीतिक दल र तिनका प्रतिनिधिहरुले विजयी भई सत्ता र पद पाए पनि समस्या निर्वाचन जित्ने बलियो आधार मात्रै बनिएको छ । तत्कालीन राजा महेन्द्रले भारतसँग जोडिएका र भारतीय अतिक्रमणमा पर्न सक्ने सीमा क्षेत्रमा भूमिहीनहरुलाई पुनर्वास गराएर दोहोरो उपलब्धी हासिल गराएका थिए । उनको दूरदृष्टिले भूमिहीन समस्या हल गर्नुका साथै अतिक्रमण, चोरी-डकैती जस्ता असामाजिक गतिविधिहरु निस्तेज बनाएका थिए । तर, त्यसपछिका सरकारले सुकुम्वासीका समस्या भोट संकलनको माध्यम बनाए । जसको परिणाम सरकार परिवर्तन हुनासाथ सुकुम्वासी आयोग पुनर्गठन हुने र फेरि शून्यबाट काम थाल्ने गरेका छन् ।**

**सुकुम्वासी समस्या कहिल्यै निर्मूल नहुने समस्या हो । कुनै एक कालखण्डमा निमिट्यान्न भए पनि अर्को कालखण्डसम्म आइपुग्दा त्यही परिवार भूमिहीन बन्ने निश्चित छ । अनि पनि झापामा क्रियाशील भूमि सम्बन्धी समस्या समाधान आयोगले अस्सी हजार भूमिहीन परिवारलाई जग्गाधनी प्रमाणपूर्जा प्रदान गर्ने दावी गरेको छ । बिर्तामोडमा संवाद समूहद्वारा आयोजित एक कार्यक्रममा आयोगका अध्यक्ष प्रेम गिरीले झापामा त्यतिकै संख्यामा भूमिहीन, दलित सुकुम्वासी र अव्यवस्थित बसोबासी रहेको उल्लेख गर्दै आयोगले पूर्ववर्ती आयोगले पूरा गर्न नसकेका काम पूरा गर्ने दावी गरे । यसअघि पटक-पटक गठन भएका आयोगहरुले पनि यस्तै दावी गर्दै आएका थिए तर सम्बन्धित पक्षले शहर, बजार र सुविधासम्पन्न ठाउँको आकर्षण, जिम्मेवारीप्रतिको उदसीनता र राजनीतिक स्वार्थले पूर्णतः असफल भएका थिए ।**

**सरकारी, संघ-संस्था र गुठीका जग्गा मात्र होइन अहिले निजी जग्गा पनि अतिक्रमण, किर्ते-काइतेको चपेटामा अधिक पर्न थालेका छन् । स्थिर पुँजी भनिने जग्गा भूमाफियाहरुको जालोमा पर्ने क्रम बढेर गएको छ । कसैको व्यक्तिगत जग्गा जोतभोग वा उपयोग भइरहेकै समय वास्तविक धनीले थाहै नपाइ विक्री वितरण भएका धेरै उदाहरणहरु सार्वजनिक भईरहेका छन् । राजधानी काठमाडौंको मुटुमा रहेका ललिता निवासको जग्गा सत्तारुढ दलकै प्रभावशाली नेताहरुको नाममा दर्ता भएको घटनालाई नविर्सिने हो भने अनेक देवालय, शिवालय, विद्यालय तथा गुठीको सञ्चालनका लागि दाताहरुले प्रदान गरेको जग्गाको स्वामित्व कोसँग छ भन्न सकिने अवस्था छैन । जनसंख्या बढ्छ तर भूमि बढ्दैन, आवश्यकता बढ्छ तर स्रोत आफै बढ्दैनन् यस्तोमा भमिहीन अवस्थाबाट मुक्ति कहिल्यै सम्भव छैन । त्यसैले भूमाफियालाई नै मलजल हुने परिस्थितिको अन्त्य आजको पहिलो आवश्यकता हो । अहिले देशभरका हजारौं विगाह जग्गा अतिक्रणमा गर्ने माफियाहरुलाई कानूनको परिधिमा ल्याउन र भूमिहीनलाई त्यस्तै उत्पादनशील क्षेत्रमा स्थायी बसोबास गराउँदै भूमि समस्याको दीर्घकालीन समाधान खोज्नुपर्छ । व्यक्तिगत सम्पत्तिको सुरक्षा नहुञ्जेलसम्म भू-स्वामित्व हस्तान्तरण गरेर मात्र भूमि समस्याको अन्त्य हुने छैन ।**

# नेकपा एमालेको विवाद: अन्तरसंघर्ष वा विभाजन



उदय मैनाली

संसद् विघटन गर्ने असंवैधानिक कदमपछि अलग भएका ओली र नेपाल अहिले एउटै पार्टीमा छन्। यसलाई ओली समूहले एमालेमा फर्किएको व्याख्या गरिरहेको छ भने नेपाल समूहले अदालतको फैसला अनुसार, सबै सँगसँगै एमाले बनेको तर्क गर्दै आएको छ।

आफैँ नेतृत्व पंक्तिमा रहेर हुर्काएको पार्टीका अध्यक्षबाटै माधव नेपाल, भीम रावल, सुरेन्द्र पाण्डे र घनश्याम भुसालसँग स्पष्टीकरण सोध्ने निर्णय भएको छ। र, चेतावनी दिइएको छ- माफी नमागे कार्बाही हुन्छ। नेता नेपाललाई साथ दिइरहेका अष्टलक्ष्मी शाक्य र रामकुमारी झाँक्रीलाई पनि कार्बाही गर्ने तयारी थियो। तर, शाक्य र झाँक्रीबारे भने ओलीले पुनर्विचार गरे। अर्थात्, बालुवाटार बैठकले प्रष्ट संकेत दिएको छ- ओलीसँग असहमति राख्ने जोसुकै, जुनसुकै बेला कार्बाहीमा पर्न सक्छन्। त्यसका लागि एमाले संसदीय दलको विधान संशोधन र बैठकको निर्णयबाट ओलीलाई पार्टी र संसदीय मोर्चाको सर्वाधिकार दिइएको छ। त्यो सर्वाधिकारको झल्को ओलीले शनिबार नै दिइसके।

वरिष्ठ नेता झलनाथ खनाल र नेपालसहित ३८ सांसदको सन्देश लिएर बालुवाटार पुगेका सोमप्रसाद पाण्डे, जीवनराम श्रेष्ठ र यज्ञराज सुनुवारलाई ओलीले समूहगत प्रस्ताव नल्याउन चेतावनी दिएका थिए। सँगै, पुस ५ गते यता भएका कुनै पनि निर्णयमा पुनर्विचार नगर्ने ओलीले आफू निकट नेताहरुसँग बचनबद्धता गरिसकेका छन्। जबकि, ओलीले आफूइतर समूहका नेताहरुलाई भूमिकाविहीन बनाउने र साथ दिने माओवादीका रामबहादुर थापासहित २३ जनालाई केन्द्रीय सदस्य मनोनीत गर्ने निर्णय गरेपछि नेपाल समूह समानान्तर गतिविधि र कमिटी बनाउनतिर लागेको छ।

नेपाल समूहको तर्क छ- फागुन २३मा सर्वोच्च अदालतले दिएको फैसला अनुसार, २०७५ साल जेठ २ गते अगाडिकै पार्टी संरचना र विधान बमोजिम एमाले चल्नुपर्छ। तर, ओली यो शर्त र तर्क मान्न मञ्जुर देखिँदैनन्। संसद् भंग गर्ने निर्णयपछि विभाजित नेकपामा आफूले नेतृत्व गरेको समूहतर्फ मनोनयन गरिएका केन्द्रीय सदस्य, जिल्ला र जनसंगठनको नेतृत्वमा पुनर्विचार नगर्ने ओलीले प्रष्ट संकेत मात्रै दिएका छैनन्, निर्णयसहित अगाडि बढेका छन्। यसको अर्थ माधव नेपाल र उनलाई साथ दिने नेताहरुको अस्तित्व स्वीकार्ने पक्षमा ओली छैनन्।



यसको ठीक उल्टो, नेपाल समूह भने फेरि पनि ओलीलाई अध्यक्ष स्वीकार्न तयार देखिएका छन्, भलै यसलाई ओली समूहले षड्यन्त्रका रुपमा लिएका छन्। शनिबार मात्रै पनि राष्ट्रिय सभागृहमा आयोजित कार्यक्रममा नेपालले ओलीसँगको सम्बन्धबारे व्याख्या गरिरहेका थिए। आफ्नो अडान कायम राख्दै नेता नेपालले ओलीसँगको ४८/४९ वर्ष लामो मायापिरती एकै रातमा नटुट्ने बताइरहँदा बालुवाटारमा एमाले पुनर्मिलनको ढोका बन्द भएको सन्देश दिइने गरी निर्णय हुँदै थियो।

नवौं महाधिवेशनमा ओलीसँग झिनो मतान्तरले अध्यक्षमा पराजित माधव नेपाल अझै पनि सग्लो एमाले र एकताबद्ध वामआन्दोलनको सपना बाँडिरहेका छन्। अझै पनि एमाले विभाजन हुन नदिने संकल्प सुनाउँदैछन्।जस्तो- पेरिसडाँडाबाट प्रचण्डसँग छुटेर फेरि ओलीसँगै रहन तयार भएका नेपाल ओलीले कार्बाहीको डण्डा तेर्साउँदा पनि संयमित देखिए। आइतबार दिनभर आफू निकट नेताहरुसँग संवादमा रहेका उनले कुनै निर्णय र अभिव्यक्ति दिएनन्।

अर्थात्, ओलीको कदमप्रति हठात् निर्णय लिने पक्षमा यो समूह देखिंदैन। बरू, अन्तर संघर्ष कायमै राख्ने र त्यसका लागि एमालेभित्रै समानान्तर संगठन निर्माणमा जोड दिने रणनीतिमा देखिन्छन्। स्पष्टीकरण सोध्ने निर्णय पछि पनि आफू निकट युवा संघको छुट्टै नेतृत्व निर्माण गर्नु र विद्यार्थीलगायत अरू जनसंगठनको समानान्तर गतिविधि नरोक्नुले पनि त्यो पुष्टि हुन्छ। नेता नेपाललाई साथ दिएका नेताहरू भूमिकाविहीन बनाउने निर्णय लिइसकेका ओलीबाट चालिने संभावित कदमबारे पनि यो समूह जानकार देखिन्छ। तर, त्यसबाट नडराउने नीतिमा उनीहरू प्रष्ट हुनुपर्छ। कतिपय नेताहरुले त खुलेरै भन्ने गरेका छन्- गुमाउन बाँकी नै के छ र ?

मुख्यगरी नवौं महाधिवेशनमा नेपालको प्यानलबाट उम्मेदवारी दिएका नेताहरुले लाभको पदबाट बञ्चित हुनुपरेको अनुभवसहित यो समूहका नेताहरुले यस्तो अभिव्यक्ति दिने गरेका छन्। नेपाल समूहका शीर्ष नेताहरु अष्टलक्ष्मी शाक्य र भीम आचार्यलाई मुख्यमन्त्री हुनबाट रोक्नु, पार्टीको महत्वपूर्ण जिम्मेवारी नपाउनुदेखि संसदीय चुनावमा टिकट नदिइएको जस्तोतर्क गरिरहेका यो समूहले माओवादीसँग एकतापछि थप किनारामा लाग्नु परेकाले अब धेरै गुमाउनु बाँकी नरहेको बताउने गरेका छन्।

त्यसैले, ओलीको कार्बाहीमा सांसद पद गुमाउन परे पनि तयार हुने यो समूहमा मनोवैज्ञानिक तयारी देखिन्छ। भएकै पद गुमाएर भए पनि एमालेमै रहने मनोवैज्ञानिक तयारी बुझेकैले निकट कतिपय नेताहरुले खेमा परिवर्तन गरिसके। अझ, नेता नेपालको व्यक्तिगत राजनीतिक यात्रा हेर्ने भने यो घटना र परिस्थिति कम संकटपूर्ण होइन। अहिलेको एमालेको जग निर्माणकै संस्थापक हुन्, उनी। धर्मराउन पुगेको कम्युनिष्ट आन्दोलनलाई नयाँ शिराबाट अगाडि बढाएको झापा संघर्षलाई समेटेर २०३२ सालमा कोअर्डिनेशन केन्द्र गठन, २०३५ मा बनेको नेकपा (माले) का संस्थापक हुँदै एमाले निर्माणमा पनि नेपाल महत्वपूर्ण नेता हुन्। २०५० साल जेठ ३ गते तत्कालीन महासचिव मदन भण्डारीको मृत्यु भएपछि २०६४ सम्म एमालेको नेतृत्व उनैले गरे।

त्यो समयमा नेता नेपालसँग के थिएन ? सधैं उनी निर्णायक रहे। झलनाथ खनाल पटक-पटक पार्टी नेतृत्वमा आउने परिस्थितिका कारक थिए, उनी। कतिसम्म भने १८-२२ माघ २०५९ मा जनकपुरमा सम्पन्न सातौं महाधिवेशनमा तीन चौथाइ बढी प्रतिनिधि नेपालकै पक्षमा उभिएको ओली निकट नेताहरू नै स्वीकार्छन्। त्यसैले नेपाललाई सर्वसम्मत महासचिव छोड्न ओली बाध्य भए। तर, त्यो महाधिवेशनको प्रतिनिधि अनुपात बढाउँदै ओली अगाडि बढे।

२०६४को निर्वाचनमा नराम्रोगरी एमाले पराजित भएपछि नैतिकताको आधारमा नेपालले नेतृत्वबाट राजीनामा दिए। २०६५को आठौं महाधिवेशनमा खनाल र ओलीबीच प्रतिस्पर्धा भयो। खनाल नेतृत्वमा आए पनि ओलीलाई नेता नेपाल उम्मेदवार नबनेको लाभ मिल्यो। सँधै नेपाललाई साथ दिनेहरू ओलीतर्फ लागे।

२०७१मा सम्पन्न नवौं महाधिवेशनसम्म आइपुग्दा एमालेभित्रको शक्ति समीकरण बदलियो। ओलीसँग फेरि नेपाल प्रतिस्पर्धामा उत्रिए। ओलीले जिते। अन्तरविरोध कायमै रह्यो। त्यही अन्तरविरोधको श्रृंखला बढ्दै जाँदा ओलीले नेपाल र उनी समर्थित नेताहरू माथि कार्बाहीको डण्डा तेर्स्याएका छन्।

पार्टी र राज्य सत्ताको शक्ति हातमा लिएर बढेका ओली सामु नेपालसँग प्रष्ट दुई विकल्प छन्- पार्टीभित्रै फेरि पनि अन्तरसंघर्ष वा विभाजन। संसद् विघटन गर्ने असंवैधानिक कदमपछि अलग भएका ओली र नेपाल अहिले एउटै पार्टीमा छन्। यसलाई ओली समूहले एमालेमा फर्किएको व्याख्या गरिरहेको छ भने नेपाल समूहले अदालतको फैसला अनुसार, सबै सँगसँगै एमाले बनेको तर्क गर्दै आएको छ।

ओलीको शर्त अनुसार, माफी मागेर अन्तरसंघर्ष गर्न तत्काल सजिलो देखिँदैन। विभाजनतर्फ जान भने केही प्राविधिक हुन सक्छ। तर, राजनीतिमा प्राविधिक समस्या ठूलो कुरा भएन। विभाजनकै अवस्थामा पुग्दा नेपालले अहिले साथ पाइरहेका नेता कार्यकर्ताको संख्या घटबढ हुने पनि पक्का छ। तर, विभाजनबाट फेरि पनि स्वयम् नेताहरू, नेकपा एमाले र कम्युनिष्ट आन्दोलनले अर्को ठूलो मूल्य चुकाउनुपर्नेछ। माधव नेपालका लागि यो कम संकटपूर्ण निर्णय हुनेछैन।

# होलीलाई भड्किलो नबनाऔं



बिन्दु अधिकारी

'होली खेल्न आउन गोपिनी, कृष्णजीी बन्सीको धुन सुनी' जस्ता भजनदेखि 'होलीले मेरो रङ्गायो नयाँ चोली, इन्द्रेणी रङ लिइ आयो होली.....' हुँदै हुँदै; आजको आधुनिक युगमा बजाइने होलीका डिस्को रिमिक्स गीतसम्मको यात्रामा होली या फागू पूर्णिमाको रंगरुप नै परिवर्तन भइसकेको छ। नयाँ युग, नयाँ शताब्दी र इन्टरनेटको दुनियाँमा अन्धाधुन्ध रमाइरहेका नयाँ पुस्ताहरु त भए/भए, उनीहरुसँगै अघिल्लो पुस्ता का हामीले समेत यो होली पर्व आजकल यसरी मनाउँदैछौ सायद यो भन्दा अगाडि यो पर्व मनाएकै थिएन।

अचम्म त यो छ कि ठूलाबडा/ आमाबुबाहरुले छोराछोरीलाई सही मार्गदर्शन गर्दै चाडपर्ब मनाउने सही र सान्दर्भिक तरिका सिकाउनु पर्ने अवस्थामाः हामी समाज या परिवारको जिम्मेवार सदस्यहरु नै ती अबोध नानीहरुको जीवनशैलीको अनुशरण गरिरहेका छौ। आधुनिकता, फेशन, मनोरञ्जन र सम्पन्न जीवनशैली अपनाउन बिदेशी संस्कृतिको अन्धो नक्कल गर्ने धुनमा हामीले सबै भुलिसक्यौ, गुमाइसक्यौं हामीले ती संस्कार, सस्कृति, परम्परा धर्म र सामाजिक मूल्य-मान्यता जुन हाम्रा पूर्खाले हामीलाई सुम्पिएर गएका छन्। अनि आफूले आफूलाई सही साबित गर्न सजिलै भनिदिन्छौ- 'जमाना कहाँबाट कहाँ पुगिसक्यो ! समय अनुसार चल्नै पऱ्यो नि !'

आजभोलि होलीले न त चोली रंगाउँछ, न त कसैको मन मुटु। न त कृष्णजीको बाँसुरीको जस्तो सुमधुर धुन या संगीत सुन्न पाइन्छ, न त अबिरका इन्द्रेणी रंगका बादलले हाम्रो दुःखकष्टको कालो बादललाई उडाएर नै लैजान्छ। रंगाउँछ त केवल सेतो भेस्ट, खैरो कपाल, फेसबुकको प्रोफाइल, साथमा कालो निलो भइ ढाकिन्छ सडकका पेटी, मानिसको मुहार र टिकटक, युट्युब जस्ता सामाजिक सञ्जाल। पहिले-पहिले भाङ खानु ठूलै कुरा मानिन्थ्यो अरे तर यो शताब्दिका महान हस्तीहरुलाई त भाङले मात्र के होला र! कुन-कुन ब्रान्डको के के हो के के ? के गर्नु र ? चाडपर्व मनाउनै पर्छ रे ! थोरै आधुनिक त हुनै पब्यो नि !

होली खेल्ने बहनामा रंग मात्र ले त कहाँ भयो र ! अबिर मात्र खेल्नु त पुरानो चलन रे ! टमाटर, अण्डा, मोबिल आदि को प्रयोगमा छुट्टै आनन्द छ ! त्यति त छँदैछ, जहाँ पायो त्यही को दुषित पानीः त्यसमा जस्तो भेट्यो त्यस्तो रङ मिसाइ लामो लामो पिचकिरीमा भरिन्छ, अनि कसैको रमाइलो खेलठट्टाको को शिकार हुन्छ आवश्यक काममा हतारिएको कामकाजी मानिस। के हुन्छ र अरुलाई अलिकति तनाब दिँदा ? आखिर चाडपर्व मनाउन त पाइन्छ नै ! कहिले काहिँ त हो नि !

हामी नेपालीले राष्ट्रिय पोशाक, दौरा, सुरुवाल, फरिया , चौबन्दी, पछ्यौरी र ढाका टोपी त बिर्सिनै लागिसक्यौ, तर होलीको लागि युनिफर्म बन्दैछ सेतो भेस्ट र छोटो हाफ पेन्ट, स्पोर्ट्स जुत्ता, रंगिन नक्कली कपाल र थरि-थरिका मकुन्डो। त्यति युनिफर्म लगाएर डिजे बाला डान्समा कम्मर हल्लाउँदा अनि मात्र आउँछ रे होलीको असली मज्जा ! ठीकै त हो ! सँधै काम मात्र कति गर्नु ? हल्का रमाइलो पनि गर्नै पर्छ, एकपटक को जुनिमा !

दैत्यको राजा हिरन्यकस्यपले सृष्टिकर्ता ब्रम्हाजीको लामो र कठिन तपस्या गरेपश्चात ब्रम्हाजी प्रशन्न भएर बरदान दिनु भएको थियो रे कि, उ आकाशमा मर्ने छैनः पातालमा मर्ने छैनः दिनमा मर्ने छैन, रात्रीमा मर्ने छैनः मानिसबाट मर्ने छैनः पशु बाट मर्ने छैन।

यस्तो अभूतपूर्व बरदान पाएपछि उसले आफूलाई भगवान सम्झ्यो अनि भगवान बिष्णुको सट्टा उसको पूजा आराधना गर्नकै लागि सबैलाई हुकम दियो। जसले उसलाई भगवान मान्न अस्वीकार गरि बिष्णु भगवानको पूजा गर्थे, ती सबैको बध गरिदिन्थ्यो। तर, दुर्भाग्यवस उसको आफ्नै पुत्र प्रल्हाद भगवान बिष्णुको कट्टर भक्त हुनाले र दिनरात बिष्णु बिष्णु भनी जप ध्यान र आराधनामा मग्न भएकोले उसलाई सहनयोग्य भएन। आफ्नो स्वार्थ, घमण्ड र आवेशमा मात्तिएर उसले आफ्नै छोरा बिष्णुभक्त प्रल्हादलाई पनि मार्न षड्यन्त्र रच्यो।

कहिले भिरबाट झारेर, कहिले हात्तीद्वारा कुल्चाएर, कहिले सर्पलाई टोकाएर, आदि अनेकौं रणनीति कुनै सफल नभएपछि , आफ्नी बहिनी होलिकासँग मिलेर नयाँ षड्यन्त्र रच्यो। स्मरण रहोस् किः होलिकालाई बिष्णुको बरदान थियो, जसको कारण उनी अग्निमा दहन हुँदैन थिइन् र अग्निले उनलाई कुनै हानी पुऱ्याउँदैन थियो।

आफूले पाएको त्यही बरदानको दुरुपयोग गर्दै पुर्णिमा को समयमा उनी भक्त प्रल्हादलाई काखमा लिएर गुइँठा र दाउरा राखि बनाइएको ठूलो चिता/मचान मा बसिन् र त्यसमा आगो लगाइयो। आगोको ज्वाला बढ्दै गयो, सबैले सम्झे प्रल्हाद भस्म भए, तर बिष्णु भगवानको कृपाले मन्द मन्द हावा चल्न गइ होलिकाले ओडेको आशिर्वाद रुपी बर्को उडाएर प्रल्हाद को पूरा शरीर ढाकिदियो। अन्ततः असत्य होलिकाको दहन भयो, अनि सत्य भक्त प्रल्हादको बिजय भयो। यसै किम्बदन्ती का आधारमा होलिका दहन को नामबाट 'होली पर्व' नामाङ्करन हुन गइ : असत्यमाथि सत्यको जित भएको दिन, भनेर रङ अबिर र पुष्पवृष्टि गरी खुशियालीका साथ सदियौदेखि होली या फागू पूर्णिमा मनाउँदै आइएको छ।

साथीभाइ, परिवार, आफन्त, छरछिमेकी भेला हुँदै सुख-दुःख बाढ्ने, अनि आपसी माया, प्रेम, सद्भाव, आत्मियता साटासाट गर्दै, अबिरको रातो, हरियो, पहेलो रङहरु एकापसमा छर्किएर, खुशी र हर्षका रङहरुले जीवन रंगीन बनोस् भन्ने कामना गर्दै मनाइने होली या फागु पुर्णिमा सम्भवतः सबैभन्दा उत्कृष्ट र मनमोहक पर्व हो। न त उमेर को, न त जात धर्मको न त धनी गरीब, न त ठूलो सानो, कोही कसैमा भेदभाव हुँदैन यो पर्वमा। 'होली' मात्र एक यस्तो अवसर हो जहाँ आत्मीयता र भाइचाराको रंगमा रंगिएपछि सबैको मन एउटै, सबैको भावना एउटै, सबैको हाँसो खुशी एउटै, पूरा मानव समाज हामी सबै एउटै। यस्तो महान र यति सुखदायी पर्वको हामीले संरक्षण गर्नै पर्दछ।

जुन बिकृति आज होली मनाउने बहानामा भित्रिँदै छ, त्यसले धेरै भयानक रुप लिन सक्छ। कतिको ज्यान जान सक्छ, त कतिको घरवार उझाडिनु सक्छ। कति टुहुरा हुनसक्छन, त कतिको सिउँदो पुछिन सक्छ। हाम्रो कला, संस्कृति, धर्म र पुरातात्विक किम्बदन्तीहरु मासिन सक्छन्, अनि पूर्खाहरुले कति दुःख-कष्ट सहेर जगेर्ना गरिदिएको हाम्रो अनमोल संस्कार, सामाजिक मूल्यमान्यता, आस्था र विश्वासका गाथाहरु मेटिइन् सक्छन्। हामी नेपाली अनेकतामा एकता खोज्ने, बिरता र सत्यतामा अघि बढ्ने अनि अनेकौ धर्म, संस्कृति, चाड पर्व र सामाजिक सस्कारका कारण विश्वभरमा परिचित छौं। यी साना ठूला हरेक कुरामा जोडिएको छ हाम्रो अस्तित्व ! हाम्रो परिचय ! र, हाम्रो आत्मसम्मान !

मानब सभ्यता र यो समाज हामी सबैको साझा धरोहर हो। समाजमा फैलिँदै गएको गलत संस्कार र आचरन लाई सबै मिलेर समय मै सच्याउनै पर्छ। आमाबुवा, दाजुभाइ, दिदीबहिनी, साथी या समाजका प्रत्येक जिम्मेवार सदस्यले आफूभन्दा सानो या गलत सोचको शिकार भएका सबैलाई सही मार्गदर्शन गर्नै पर्दछ। समाज, परिवार, स्थानीय सरकार कानून या तपाईं हामी सबै मिलेर भड्किलो, उताउलो र उत्तेजित तवरले चाडपर्व मनाउने जो कोहीलाई पनि समय सान्दर्भिक सजाय दिनैपर्छ। नत्र रहने छैन कुनै चाड ! मनाइने छैन केही पर्व ! न सम्मान हुनेछ कुनै संस्कार को ! न त अनुशरण गरिनेछ हाम्रा असल सामाजिम रितिरिवाज, नियम र परम्पराहरुको !

परापूर्वकालदेखि नै जुन रितितिथि, धर्म, सत्यता, संस्कृति परम्परा र संस्कारको जिवन्त गाथा यो होली पर्वले बोकी ल्याएको छ, त्यसको जगेर्ना गर्न हामीले सकेनौ भने भोलिको आउँदो पिंढीले हामीलाई धिक्कार्ने छन्। सराप्नेछन् हाम्रो सोच र जीवनशैलीलाई अनि थुक्नेछन्, हामीले अनुशरण गरिरहेका ती भ्रमित र बिकृत कार्यशैली र व्यवहारहरुलाई।

धर्म, संस्कृति र संस्कारको नाममा हामी भोलिको पुस्तामा के हस्तान्तरण गर्न सक्छौ, जसमा उनीहरुले हामीमाथि गर्व गरून् ? आज बिरता र सत्यताको कुन गाथा लेखिरहेका छौ, जुन भोलि उनीहरुले गाउन सकून् ? अनि कस्तो सामाजिक व्यवहार , आत्मीयता, समझदारी, सत्यता र मित्रताको आचरण पहिल्याउँदै छौ, जुन पुस्तौपुस्तासम्म उनीहरुले अनुशरण गरिरहन सक्नेछन् ? आखिर केही नभए पनि बाबा ! आमा !! होली के हो ? र, होली कसरी खेलिन्छ ? भनेर सम्भवतः २०/२५ बर्स पछि जन्मिन सक्ने तपाइ हाम्रो छोराछोरी या नातानातिनीले सोधे भने के उत्तर दिने ? त्यतिखेर प्रल्हादको कथा सुनाउने हो ? या, आफ्नै कहानी बताउने हो ? या त गुगल, क्रोम ब्राउजर र युट्युबमा हतारहतार लग इन गर्ने हो ? सबैले सोचौ ! 'होलीः के भनु र खै ?'

# डाँफे, अरनिको र त्रिशक्ति साकोसबीच एकीकरण



**बिर्तामोड, चैत १२।** झापाको दमक- ५ मा रहेको डाँफे बचत तथा ऋण सहकारी संस्था, बिर्तामोड-४मा रहेको अरनिको बचत तथा ऋण सहकारी संस्था र बिर्तामोड-५मा रहेको त्रिशक्ति बहुउद्देश्यीय सहकारी संस्थाबीच एकीकरण गरिएको छ ।

डाँफे बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष तुलाराम न्यौपाने, अरनिको बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष रोहितकुमार भट्टराई र त्रिशक्ति बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष देवीप्रसाद भट्टराईले राष्ट्रिय सहकारी महासंघ नेपालका अध्यक्ष मिनराज कँडेल र प्रदेश नं. १का सहकारी रजिष्ट्रार बलराम निरौलाको सहभागितामा ती सहकारीहरुबीच एकीकरण भएको घोषणा गरिएको हो ।

तीनवटै सहकारीको एकीकरणपछि एकीकृत संस्थाको नाम डाँफे बचत तथा ऋण सहकारी संस्था राखिएको छ । डाँफे साकोसका अध्यक्ष तुलाराम न्यौपानेको अध्यक्षता तथा राष्ट्रिय सहकारी महासंघ नेपालका अध्यक्ष मिनराज कँडेलको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा डाँफे साकोसका उपाध्यक्ष सन्तोषकुमार श्रेष्ठले स्वागत गरेका थिए ।

कार्यक्रममा प्रदेश नं. १का सहकारी रजिष्ट्रार बलराम निरौला, राष्ट्रिय सहकारी महासंघका सञ्चालक सदस्य तथा झापा जिल्ला सहकारी संघका अध्यक्ष गणेश ढकाल, राष्ट्रिय सहकारी कर्मचारी संघका केन्द्रीय सचिव खोमप्रसाद बगाले लगायतले बोलेका थिए ।

संस्था एकीकरण भएसंगै संस्थाका शेयर सदस्य छ हजार जना, शेयर पूँजी साडे पाँच करोड रुपैयाँ, निक्षेप ४८ करोड रुपैयाँ, ऋण लगानी ४५ करोड रुपैयाँ, वासलात ६० करोड रुपैयाँ पुगेको डाँफे साकोसका व्यवस्थापक सुदीप खतिवडाले जानकारी दिए ।

कार्यक्रममा अरनिको साकोसका अध्यक्ष रोहितकुमार भट्टराई र त्रिशक्ति साकोसका अध्यक्ष देवीप्रसाद भट्टराईले डाँफे साकोसको कारोबार, नीति आफूहरुलाई मन परेकाले डाँफे साकोससँग एकीकरण गरिएको बताए ।

कार्यक्रमको सञ्चालन डाँफे साकोसका सचिव लीलानाथ खनालले गरेका थिए ।


**Kontrakt Courier Trans Air Courier**

A Complite Solution For Courier & Logistics Service Domestic & International Courier Cargo Service.

Branch Office
Bhadrapur Road, Sanima Bank opposite Birtamode, jhapa (ph: 023-536735)

**सुरक्षागार्ड चाहियो**

पूर्व नेपाल प्रहरी तथा नेपाली सेनामा काम गरी अवकाश प्राप्त केही सुरक्षा गार्डहरु चाहिएको हुँदा काम गर्न इच्छुक व्यक्तिले तु-सम्पर्क राख्नुहोला ।
लेखापाल : १ जना
योग्यता : +२ पास (अनुभवी)
**सेक्टरवान सेक्यूरिटी सर्भिस**
बिर्तामोड, झापा
फोन सम्पर्क :
(९८२४९८२२९६, ९८५२६४१७४०, ९८१७९२६३२२)

**सुवर्ण अवसर ! सुवर्ण अवसर !!**

CTEVT बाट सम्बन्धन प्राप्त तथा नेपाल सरकारबाट मान्यता प्राप्त यस सौन्दर्य ब्यूटिपार्लर एण्ड ट्रेनिङ सेन्टरमा रु. १५,०००।- मा ४५ दिने ब्यूटिसियन सम्बन्धी Level-1 (Basic Course) तथा CTEVT Exam सहितको तयारी कक्षा ब्यूटिसियन विज्ञ तथा Assessor बाट सञ्चालन मिति २०७७ साल चैत्र ९ गतेबाट शुरु हुँदैछ । यस अवसर अन्तर्गत (Basic Course) सिक्न र Level-1 को परीक्षा दिन चाहने इच्छुक ब्यूटिसियनहरुले २०७७ चैत्र ७ गतेभित्र सीप परिक्षणको दरखास्त फाराम भर्नका लागि सम्पर्क राख्नुहोला । सिट सिमित छ ।
**सौन्दर्य ब्यूटिपार्लर एण्ड ट्रेनिङ सेन्टर,** बिर्तामोड, झापा
फोन : ९८०४९४७२७५, ९८१४९८३२७३

**आवश्यकता**

हार्डवेयरमा काम गरेको Account cum Markting १ जना चाहियो ।
योग्यता : - +२ Commerce
– Sanitari पसलमा काम गरेको
– VAT सम्बन्धी ज्ञान भएको
सम्पर्कः ९८५२६५१२७२

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अत्याधुनिक ट्रर्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगन्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोन झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

**हाडजोर्नी तथा नसाका बिरामीलाई सुवर्ण अवसर काठमाडौंका विशेषज्ञ बिर्तामोडमा**

स्पार्क अस्पताल काठमाडौं तथा काठमाडौं न्यूरो अस्पतालका वरिष्ठ डाक्टर अनिलकुमार महतो यही चैत्र ५ गते बिहीबार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहुन्छ । आफ्नो समस्या जाँच गराइ मौकाको फाइदा लिनुहोस् ।
जाँच हुने समस्याहरु :
- ढाड, कम्मर, गर्दन, घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झमझमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको

समय : बिहान ८:०० बजेदेखि ३:०० बजेसम्म
**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८५२६७५०३३)

**अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा**

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७७९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६- ९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्द २:४५ बजे दैनिक सेवा उपलब्ध छ ।
अध्यक्षः गोपाल घिमिरे (९८४२६८४७५६),
बिर्तामोड काउन्टर सीताराम आचार्यः ९८४२६२३१५२

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**
बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**ताप्लेजुङ-पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

**पाथीभरा सिने प्लाजा बिर्तामोड अब खुल्ला**

हिन्दी चलचित्र : MUMBAI SAGA
पहिलो शो ११:४५ ।
दोस्रो शो २:४५ ।
तेस्रो शो ६:३० ।
बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ ।
(फोन नं. ०२३-५४६४३६)





**बिर्तामोड नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बिर्तामोड, झापा (प्रदेश नं. १, नेपाल)**

## सूचना ! सूचना !! सूचना !!!

कोभिड-१९ संक्रमणको सम्भावनालाई मध्यनजर गरी DCCMC (District Covid-19 Crisis Management Center) झापाको मिति २०७७।१२।१० निर्णय बमोजिम तपशिल अनुसार गर्न गराउन हुन नगरवासीहरुमा बिर्तामोड नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

**तपशिल**

१) कोभिड-१९ संक्रमणलाई मध्यनजर गर्दै नजिकिंदै गरेको फागू पूर्णिमा (होली पर्व)मा भीडभाड नगर्न नगराउनुहुन ।

२) कोभिड-१९ संक्रमणको अवस्था समेत विचार गरी रात्रिकालीन समयमा सञ्चालन हुने व्यवसायको सन्दर्भमा बेलुका ९ बजेसम्म मात्र भीडभाड नहुने व्यवस्था मिलाई स्वास्थ्य सुरक्षा मापदण्डको पालना गरी व्यवसाय सञ्चालन गर्न गराउनुहुन ।

३) स्वास्थ्य सुरक्षा मापदण्डको पालना गरी भीडभाडमा जाँदा मास्कको अनिवार्य प्रयोग गर्नुहुन ।

**गणेशप्रसाद दाहाल : प्रमुख प्रशासकीय अधिकृत**

यौटा सृष्टि विधान रचेर किन हो, जाँदा यहाँ कष्ट भो । रोजी फूल थियो झऱ्यो नियतीले, संहार भो नष्ट भो ।।
हामीलाई दिएर मार्ग पथको, यात्रा सिकाई दियौ । हामीबाट कसोरी झट्ट अहिले, विदा नमागी गयौ ।।

# भावपूर्ण श्रद्धाञ्जलि/कृतज्ञता/निमन्त्रणा

हाम्रा स्नेही पुत्र/ प्रातः स्मरणीय पुज्य पति/पिता **सुरेन्द्र ओडारी**को यही मिति २०७७ चैत १ गते आइतवारका दिन भएको अकल्पनीय निधनले हामीलाई अत्यन्त मर्माहत, स्तब्ध एवम् दु:खी बनाएको छ । दु:खको यस क्षणमा गतात्माको बैकुण्ठवास र सायुज्य मुक्तिको कामना गर्दै आज १३औं दिनको पुण्य तिथिमा भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

हामीलाई पर्न गएको कष्टपूर्ण वियोगको क्षणमा हामीप्रति सद्भाव, सहानुभूति समवेदना प्रकट गर्नुहुने सम्पूर्ण नातागोता, छरछिमेक, शुभेच्छुक, इष्टमित्र, मलामीजन, बन्धुबान्धव, ज्वाई चेला, संघ-संस्था एवम् सम्पूर्ण शुभचिन्तकहरुमा आभारसहित कृतज्ञता जाहेर गर्दछौं । साथै यही २०७७ चैत १३ गते आज शुक्रवारका दिन हुने १३औं दिनको पुण्यतिथिमा उपस्थित भई पितृप्रसाद ग्रहण गरिदिनुहुन अनुरोध गर्दछौं ।

**समयः विहान ११ देखि दिउँसो ४ बजेस[redacted]**



**स्व. सुरेन्द्र ओडारी**
जन्मः वि.सं. २०२७।०६।२५
स्वर्गारोहणः २०७७।१२।०१ गते

पिता : **कुलप्रसाद ओडारी**
श्रीमतीः **पुनम ओडारी**
छोराः [redacted]
छोरीज्व[redacted]सा–अषेश

एवम् **समस्त ओडारी प[redacted]र**, बिर्तामोड, झापा



ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** चिताएको काम रोकिनाले लक्ष्य प्राप्तिमा विलम्ब हुनेछ । अस्वस्थताले पनि उद्देश्यमा बाधा पुऱ्याउन सक्छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** कुनै अप्रिय समाचारले मन खिन्न तुल्याउन सक्छ । हतारका काममा ढिलासुस्ती हुन सक्छ । पढाइलेखाइमा सोचेजस्तो प्रगति गर्न नसकिएला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** कामको मेसो नमिल्दा योजना अधुरै रहनेछ । हल्लाको पछि लाग्दा व्यर्थैमा दुख पाइनेछ । स्वास्थ्य-चिन्ताले सताउन सक्छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि,** [redacted]
अरूको फाइदाका लागि उपयोग[redacted] छ । चुनौति
देखिए पनि मेहनेत गर्दा फाइदा[redacted] ।
**सिंह (मा, मि, मु, मे, मो, टा,** [redacted]
सानातिना काममै अल्झनुपर्दा [redacted]सक्छ ।
हिसाबकिताबमा होसियार रहनु[redacted]कै
वेश होला ।
**कन्या (टो, प, पि, पु, ष, ण, ठ**[redacted]
हडबडको त्रुटिले काम दोहोऱ्या[redacted]उन सक्छ ।
बेसुरमा दिइएको वचनले अप्ठ्य[redacted]
**तुला (र, रि, रु, रे, रो, ता, ति,**[redacted]

निर्णय लिएर पनि काम नगर्ने बानीले पछि परिनेछ । परिस्थितिअनुसार चल्न नसक्ता दुख्ख पाइनेछ । महत्वाकांक्षी योजना कार्यान्वयनमा बाधा पुग्न सक्छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** अरूको फाइदाका लागि उपयोग भइएला । दाजुभाइमा असमझदारी बढ्न सक्छ । आलस्य त्यागेर मिहिनेत गर्दा फाइदा उठाउन सकिनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** पहिलेको उपलब्धिले पनि उत्साह जगाउनेछ । प्रतिस्पर्धीहरूबाट सावधान रहनुहोला।

विश्वासपात्रबाट धोका पाइने समय छ, सजग रहनुहोला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** अरूका विषयमा चासो लिँदा झमेला आइलाग्न सक्छ । अवसर जुटे पनि ठूलो उपलब्धि हातलागी नहुने देखिन्छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** विवादास्पद कामको जिम्मेवारी आउनाले केही समस्या आइपर्ला। आवेशको निर्णयले आँटेको काम बिग्रन सक्छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** व्यर्थैमा वादविवादमा परिने समय रहेकाले गोपनीयतामा ध्यान दिनुहोला । समयको महत्वलाई ख्याल गर्नुहोला, मिहिनेतले काम बन्न सक्छ ।